प्रदेश -१

| | |
|---|---|
| | समयमा रजिष्ट्रेशन वा दाखिला खारेज गर्न पर्ने रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| १९. | कुनै व्यक्ति वा स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै निकायलाई निःशुल्क रूपमा दान भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै पनि निकायले खरिद गरि लिएमा सो को रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २०. | वैदेशिक रोजगारीबाट बैकिङ प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको देखिने प्रमाणित कागजातका आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा लाग्ने प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |

## अनुसूची- २

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर

| सवारी साधन कर | |
|---|---|
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी सम्म | रु.२१००० |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु.२३००० |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.३०००० |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु.३२५०० |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु.४१००० |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु.५८५०० |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, टिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपरमा | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, टिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.३८५०० |
| (आ) मिनीटिपर | रु.२४५०० |
| (ग) ट्रेक्टर | रु.४५०० |
| (घ) मिनिट्रक, मिनिबस | रु.२४५०० |
| (ङ) ट्रक, बस | रु.३३००० |
| (च) मोटर साइकल | |
| (अ) १२५ सी.सी. सम्मको | रु.२५०० |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु.४५०० |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु.९००० |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु.१२५०० |
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १३०० सी.सी. सम्म | रु.८५०० |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.९५०० |
| (इ) २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु.११५०० |
| (ई) २९०१ सी.सी. देखि ४००० सी.सी. सम्म | रु.१३५०० |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु.१५००० |

प्रदेश -१

| | |
|---|---|
| ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु १८००० |
| ग. ट्रेक्टर | रु ३३०० |
| घ) मिनीट्रक, मिनीबस | रु १२५०० |
| ङ) मिनी टिपर | रु १५००० |
| च) ट्रक, बस | रु १७००० |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश र स्थानिय तहको नाउमा दर्ता भएका सवारी साधनहरूलाई दफा २ बमोजिम लाग्ने सडक कर लाग्नेछ । |
| ४. | विद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ. |
| ५. | सरु नेहारी मिलिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६. | सवारी साधन बिग्रेको वा अन्य यस्तै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | साबिकमा बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन । |
| ८ | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिएवापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन । |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ट रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन । यसरी अग्रिम रूपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| १०. | सार्वजनिक सग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११ | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन |
| १२ | बीस लाख रुपैयाभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ |
| १३ | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अशक्तता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मको स्कुटरमा सवारी साधन कर लाग्ने छैन । |
| १५ | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैया वा चार वर्षको सवारी साधन कर बाप्न हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ ।<br><br>तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन । |
| १६ | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १७ | ढुवानी कार्य सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १८ | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |